# ‘थप कानुन संशोधनसहित लगानी वातावरण बनाउनुपर्छ’

**हिमालय टाइम्स**
काठमाडौं, १३ मंसिर



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीका लागि अझै केही कानुन संशोधन आवश्यक रहेको बताउनुभएको छ । बिहीबार काठमाडौंमा आयोजित ‘ प्लाष्ट नेपाल २०२४’ उद्घाटन गर्दै उहाँले गत वैशाखमा लगानी सम्मेलनको समयमा एकैपटक अध्यादेशमार्फत् कानुन संशोधन भए पनि नियमावली र कार्यविधि तयार नभएकाले कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

हाल निजी क्षेत्रका अन्त:शुल्क, उत्पादित सामग्री खेर जाने र मूल्यलगायतका समस्या रहेकाले त्यसको व्यावहारिक निर्णय गरेर समयमै सम्बोधन गर्न‘पर्नेमा उहाँको जोड थियो । अध्यक्ष ढकालले भन्नुभयो, ‘सरकार र निजी क्षेत्रको सक्रियतामा लगानी सम्मेलन सम्पन्न भयो । कानुनहरू संशोधन भए तर तिनको नियमावली र कार्यविधि तयार नभएको अवस्था छ । त्यो चिज सम्बोधन आवश्यक छ । चाहे आन्तरिक होस् वा बाह्य लगानी भित्र्याउन होस्, कतिपय कानुन अझै परिवर्तन गर्न‘पर्नेछ ।’ वर्तमान सरकारले निजी क्षेत्रलाई प्राथमिकता दिएर व्यवसायीलाई पनि राखेर छलफल गरिरहेको भन्दै उहाँले निजी क्षेत्रले त्यसलाई स्वागत गरेको बताउनुभयो । महासंघको सुझावअनुसार उच्चस्तरीय आर्थिक सुधार आयोग गठन गर्न‘पर्छ भन्ने प्रस्ताव गरेकोमा आयोग गठन गरेर निजी क्षेत्रलाई पनि सहभागी गराएर निजी क्षेत्र समेट्न खोजिएकोमा सरकारलाई धन्यवाद दिँदै आयोगले दिने सुझावका लागि व्यवसायीलाई प्राथमिकताअनुसार लगानी प्रभावित गरेका कानुनबारेमा सुझाव दिन पनि आह्वान गर्न‘भयो । ती समस्या समाधान गरेमा छोटो समयमा आर्थिक सुधार गर्न सकिने उहाँको भनाइ थियो ।

प्लाष्ट नेपाल फाउण्डेसनको आयोजनामा बिहीबारदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको चौथो अन्तर र्ष्ट्रियस्तरको प्लाष्टिक मेलामा प्लाष्टिक उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादनमा प्रयोग गरिने विभिन्न मेसिन, औजार उपकरणलगायत नवीनतम प्रविधिसमेत रहेका फाउण्डेसनका अध्यक्ष दिपक श्रेष्ठले जानकारी दिनुभयो । मेलामा नेपाल, भारत, बंगलादेश, चीनलगायतका विभिन्न उत्पादक, कच्चा पदार्थ आपूर्तिकर्ता र मेसिन उपकरण आपूर्तिकर्ता तथा मिडिया सेवा प्रदायकको सहभागिता रहेको छ भने मेलाको सहआयोजक भारतको कम्प्लाष्ट रहेको छ । मेला मंसिर १५ गतेसम्म चल्नेछ ।

## ग्लोबल बैंक एनवाइइएफ स्टार्टअप अवार्ड्स ओरियन्टेसन



**काठमाडौं ।** नेप्लिज योङ इन्टरप्रेनियर्स फोरम (एनवाइइएफ) काठमाडौं च्याप्टरले ग्लोबल आइएमई बैंक एनवाइइएफ स्टार्टअप अवार्ड्स ४.० का लागि ओरियन्टेसन कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । पाटन कलेज फर प्रोफेसनल स्टडिजमा सम्पन्न भएको उक्त कार्यक्रमले नेपालमा उद्यमशीलताको सम्भावना मजबुत बनाउने आयोजकले जनाएको छ । आयोजकका अनुसार यस वर्षको प्रतियोगिताका लागि नेपालभरका एक सय ७० भन्दा बढी स्टार्टअप दर्ता भएका छन् । ओरियन्टेसनले प्रतियोगिताको प्रक्रिया, मेन्टरसिप र वृद्धिका अवसरबारेमा विस्तृत जानकारी प्रदान गरेको थियो ।

कार्यक्रममा एनवाइइएफ काठमाडौं च्याप्टरका अध्यक्ष अभिमन्यु गोल्छाले स्टार्टअपलाई स्केल गर्न र सफल बनाउन यस्ता प्लेटफर्ममा जोड दिनुभएको थियो भने अध्यक्ष सन्दीप शर्माले प्रतियोगिताको संरचनाबारे विस्तृत जानकारी प्रदान गर्दै मेन्टरसिप, नेटवर्किङ र पुरस्कार जित्ने अवसरबारे चर्चा गर्नुभएको थियो । कार्यक्रम समापन एनवाइइएफ नेसनल गभर्निङ काउन्सिलकी कार्यकारी सदस्य बिलाषा श्रेष्ठले गर्नुभएको थियो । आयोजकका अनुसार ग्लोबल आइएमई बैंक एनवाइइएफ स्टार्टअप अवार्ड्स ४.० केवल एक प्रतियोगितामात्र नभई पाँच लाख रुपैयाँभन्दा माथिको नगद पुरस्कार, विशेषज्ञ परामर्श र लगानीकर्तासँगको सम्पर्क बढाउने एक प्रगतिशील प्लेटफर्म पनि हो । नेपाली स्टार्टअपको महत्त्वाकांक्षालाई निरन्तर समर्थन गर्ने प्रतिबद्धता एनवाइइएफले जनाएको छ ।

## नेपाल बैंक र इन्टरनेसनल हेल्थबीच सम्झौता

**काठमाडौं ।** नेपालको पहिलो बैंक नेपाल बैंकमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकलाई काठमाडौंको जमलमा रहेको नेपाल इन्टरनेसनल हेल्थ सर्भिसेजमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । सम्झौताअनुसार नेपाल बैंकका कर्मचारी र बैंकमा खाता रहेका ग्राहकलाई अस्पतालका विविध सेवामा लाग्ने शुल्कमा बिल रकमको १० प्रतिशत देखि २५ प्रतिशतसम्म छुट हुने र विभिन्न सेवामा लाग्ने कन्सल्टेसन शुल्कमा शतप्रतिशत छुट हुनेछ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय र नेपाल इन्टरनेसनल हेल्थ सर्भिसेजका अध्यक्ष रूपनारायण शाहले हस्ताक्षर गर्नुभएको छ ।

## व्यापार मेलामा अर्गानिक उत्पादनलाई प्राथमिकता

**चन्द्रकान्त खनाल/हिटा**
रूपन्देही, १३ मंसिर

लगानी लुम्बिनीमा, समृद्धि देशमा भन्ने नाराका साथ बुटवल उद्योग वाणिज्य संघको आयोजनामा अन्तर्राष्ट्रिय प्रदर्शनीयस्थल बुटवल मण्डपमा हुन गइरहेको औद्योगिक व्यापार मेलामा कृषि पेभिलियनतर्फ अर्गानिक उत्पादनलाई प्राथमिकता दिइने भएको छ । कृषिको व्यावसायिकीकरणका लागि कृषिजन्य वस्तुको उत्पादन, कृषि उद्यमका लागि कृषि औजार तथा प्रविधिलाई प्राथमिकता दिएको बुटवल उद्योग वाणिज्य संघले मेलामा कृषिमा अर्गानिक उत्पादनको विकास, विस्तार र उपभोगको प्रवर्द्धनका लागि अर्गानिक उत्पादनलाई विशेष प्राथमिकता दिइएको मेला कार्यसम्पादन समिति कृषि उपसमितिका संयोजक मोहमद याकुवले जानकारी गराउनुभयो ।

पुसको ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा सञ्चालन हुने मेलामा कृषिजन्य वस्तुका स्टललाई प्राथमिकतासाथ विशेष छुट प्रदान गरिएको छ । युवा सहभागिता र लगानी अभिवृद्धि गर्न कृषिमा भएका असल अभ्यास, कृषिमा आधारित कपडा (अल्लो), कृषि औजार, कृषि प्रविधि, हलो उन्नतीकरणलगायत स्थानीय उत्पादन समावेश गरिने आयोजकले जनाएको छ । त्यसैगरी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वयमा सामूहिक कृषि सूचना केन्द्र रहनेछ भने कृषिमा डिजिटल विकासबारेमा समेत जानकारी गराउने गरी कार्यक्रम तय गरिएको छ । मेलामै कृषिसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रमसमेत रहने मेला कार्यसम्पादन समितिका सदस्य तथा तालिम गोष्ठी उपसमितिका संयोजक बालकृष्ण पौडेलले बताउनुभयो ।

आयोजकका अनुसार १६ दिन चल्ने मेलामा कृषिसँग सम्बन्धित डेरी उत्पादनलाई पनि प्राथमिकता दिइनेछ । डेरीजन्य उत्पादनका विविधिकरण खिर, कुरौनीलगायतका परिकार राखिने बुटवल उद्योग वाणिज्य संघ डेरी वस्तुगत समितिका सभापति कृष्णप्रसाद उपाध्यायले जानकारी गराउनुभयो । मेलामा कृषिका साथै हस्तकला, इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स, ब्युटी, गार्मेन्ट, जुत्ता, एफएमसिजी -फुड एण्ड वेभरेज), अटोमोबाइल्स र होटलसमेत गरी करिब पाँच सय स्टल रहने कार्यसम्पादन समिति उपसंयोजक तथा स्टल बुकिङ समितिका समन्वयकर्ता सुरज भट्टराईले जानकारी दिनुभयो ।

जाडो मौसममा चिसोबाट बचौं

➢जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
➢तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
➢घर तथा कोठा न्यानो बनाऔं,
➢बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
➢बढी चिसोमा मर्निङ्गवाक नगरौं,
➢दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Turmakhand Rural Municipality**
Office of Rural Municipal Executive
**Turmakhand, Achham**

## Invitation for Bids

**First Date of Publication: 2081-08-14**

1. Turmakhand Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed works under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive,Turmakhand, Achham, Phone: - 9843651949 or may visit PPMO.s egp-system *www.bolpatra.gov.np/egp*
3. Bidder May download the bidding documents for e-submission from PPMO website *www.bolpatra.gov.np/egp*. Bidders should deposit the cost (as specified below) of bidding document in the Aantarik Rajaswo Khata (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: - Nabil Bank,Turmakhand Branch**
   **Name of Office: -** Turmakhand Gaunpalika,Achham
   **Office Account No: - 07901017500528**
4. Electronic Bids must be submitted to the Office of Rural Municipal Executive,Turmakhand, Achham through PPMO.segp-system *www.bolpatra.gov.np/egp* on or before ***12:00 hours*** on ***2081-09-14*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hours*** on ***2081-09-14*** at Office of Rural Municipal Executive,Turmakhand, Achham. **Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid.** If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Dharauti (Security Deposit) account as specified below and submit scanned PDF copy of receipt of the deposited amount of cash along scanned PDF copy.

   **Name of the Bank: - Nabil Bank, Turmakhand Branch, Achham**
   **Name of Office: -** Turmakhand Gaunpalika, Achham
   **Dharauti (Security Deposit) Account no: - 07901017500543**
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. Summary of Contract and Details with Name and Identification are as follows:

| S.N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | TRM/NCB/W/B-04/2081-082 | 1 No. Ward Office Building Construction | 6568594.70 | 230000 | Validity up to 90 days from the last date of bid submission | 3,000.00 |

**Chief Executive Officer**

**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर सल्यान**
**कर्णाली प्रदेश नेपाल**

## नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउपत्र/बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०८।१४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१) घ को (२) घ को (६) मा भएको व्यवस्था बमोजिम कालिमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८१।०८२ को लागि दरभाउपत्र/बोलपत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ । सूचना प्रकाशित भएको मितिले १५र३० दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र/बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

### आन्तरिक आय ठेक्का विवरण

| क्र. स. | ठेक्का नं. | नदी/ खोलाको घाटको विवरण | आव २०८१/०८२ को नदिजन्य पदार्थ बिक्रि परिमाण (घन फिटमा) | आव २०८१/०८२ को नदिजन्य पदार्थ बिक्रि राज्यको न्यूनतम अंक (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/GOODS/2081/82/10 | शारदा नदि र जुमखोला को विभिन्न घाट हरु (त्रिवेणी सिमाना माझखोला दोभान, कालिधरा कोलतरा, खैरेनी, पिप्ले, पुरुषा खेत सिम्सेहरा, जुमखोला दोभान, जुमखोला क्षेत्र | १३०४४३.२३५ | ६,५२,२१६.२ | कबोल अंकको ५% | १००० |
| 2 | KRM/NCB/GOODS/2081/082/11 | बबई नदि को विभिन्न घाट (बाटुले कुसुमतारा, स्वामिबास, कुहिने, कुहिने खोला ढुंगा) क्षेत्र | ४००४२३.२३ | २०,०२,११६.२ | कबोल अंकको ५% | ३००० |

**ठेका सम्बन्धि शर्तहरू:**

१ ठेक्का अवधि सामान्यतया आ.व.२०८१।०८२ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचार नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दाबी गर्न पाईने छैन ।

२ सम्झैता गर्दा माथी उल्लेखित सबै ठेकाहरुमा कबोल अङ्कको थप मुल्य अभिवृद्धी कर (१३ %) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३ धरौटी वापत कबोल गरेको अंकको ५% रकम यस कालिमाटी गाउँपालिका सल्यान नविल बैंक कालिमाटी शाखा स्थित बैंक धरौटी खाता नं. २३४०१०१७५०००१६ मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५/१२० दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको संबल प्रति) दर भाउपत्र/बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

४ दरभाउपत्र/बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नविल बैंक कालिमाटी शाखा स्थित आन्तरिक राजश्व खाता न २३४०१०१७५०००२७ मा दाखिला गर्नुपर्नेछ ।

५ दरभाउपत्र/ बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको दरभाउपत्र / बोलपत्र उपर कुनै कारवाही गरीनेछैन ।

६ उपरोक्त दरभाउपत्र/बोलपत्र हरुको लागि सूचना प्रकाशित भएको मितिले १६ र ३१ औ दिनको कार्यालय समय भित्र कालिमाटी गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

७ दरभाउपत्र/बोलपत्र खोल्नेदिन सार्वजनिक विदा परेमा कमश: सोको भोलिपल्ट सोही समयमा खोलिने छ ।

८ यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र/बोलपत्रसाथ संलग्न गरिएको आय ठेका सम्बन्धि अन्य शर्तहरुका प्रत्येक मुदाहरु यसै सूचनाका सरह लागु हुनेछ

९ थप जानकारिको लागि कार्यालयम समपर्क गर्नसक्नु हुनेछ । सम्पर्क नम्बर ९८५७८४४३००

**प्रमुख प्रशासकीय अधिकृत**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल